# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको
# एक्काइसौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण
## मिनट
## २०७६ पौष १३ गते आइतबार

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, भगवतीबहाल, नक्साल, काठमाडौं

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय काठमाडौं २०५५

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको

एक्काइसौं वार्षिक साधारण सभाको
काम कारवाहीको विवरण
(माईन्युट)

१. **वैधानिक सभा:**

कम्पनी ऐन २०६३ र यस संस्थाको नियमावली बमोजिम संस्थाको एक्काइसौ वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री शरद निधि तिवारीको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय:**

मिति: २०७६ पौष १३ गते, आइतबार (डिसेम्बर २९, २०१९)

स्थान: संस्थाको केन्द्रीय कार्यालयसँगै दक्षिणतर्फ रहेको Celebration Banquet पार्टी प्यालेस भगवतीबहाल, नक्साल, काठमाडौंको सभास्थलमा ।

समय: बिहान १०:३० बजे सुरू भई अपरान्ह १:०० बजे सम्पन्न भएको ।

३. **सभाको सूचना:**

कम्पनी ऐन २०६३ को दफा ६७ तथा यस संस्थाको नियमावलीको नियम ४(३) बमोजिम संस्थाको एक्काइसौ वार्षिक साधारण सभाको सूचना तथा आर्थिक बर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू समेत शेयरधनीहरूको ब्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७६।०८।१९ गते बिहिवारको "अभियान राष्ट्रिय दैनिक" पत्रिकामा र मिति २०७६।०८।२२ गते आईतवारको "अभियान राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **उपस्थिति:**

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित संचालकहरू:

| | |
|---|---|
| ४.१.१ श्री शरद निधि तिवारी | अध्यक्ष |
| ४.१.२ श्री राजेन्द्र बहादुर मल्ल | संचालक |
| ४.१.३ श्री देबेन्द्र बहादुर राउत | संचालक |
| ४.१.४ श्री सुशील जोशी | संचालक |
| ४.१.५ श्री टोप बहादुर रायमाझी | संचालक |
| ४.१.६ श्री सम्रिता तिवारी | संचालक |

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

४.२ <u>संस्थागत प्रतिनिधिको उपस्थिती:</u>

४.२.१. श्री अन्जु पाण्डे, — प्रतिनिधि, निर्धन संस्था

४.२.२. श्री सुशील जोशी, — प्रतिनिधिहिमालयन बैंक लिमिटेड

४.२.३. श्री राजेन्द्र बहादुर मल्ल — प्रतिनिधि, नबिल बैंक लिमिटेड

४.२.४. श्री केशव राज पौडेल — प्रतिनिधि, एभरेष्ट बैंक लिमिटेड

४.३ <u>अन्य आमन्त्रित महानुभावहरूको उपस्थिति:</u>

४.३.१ श्री डा. रेवत बहादुर कार्की — पूर्व अध्यक्ष, नेपाल धितोपत्र बोर्ड

४.३.२ श्री डा. फत्त बहादुर के.सी. — पूर्व संचालक

४.३.३ श्री अच्युत राज जोशी — पूर्व संचालक

४.३.४ श्री प्रकाश राज शर्मा — पूर्व महाप्रवन्धक

४.४ <u>शेयरधनीहरूको उपस्थिति:</u>

जम्मा उपस्थित संख्या: १८७ जना

४.५ <u>कर्मचारीहरूको उपस्थिति:</u>

सभामा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्त, सहायक महाप्रवन्धक श्री राज नारायण दास, कम्पनी सचिव एवम् मुख्य व्यवस्थापक श्री राम बहादुर चौधरी लगायत अन्य व्यवस्थापकिय, सहायक तथा सहयोगी श्रेणीका गरी कूल ४८ जना कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

५. <u>गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार):</u>

| विवरण | कित्ता | उपस्थिति | | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| | | स्वयम् तथा प्रतिनिधि मार्फत | कुल | |
| शेयरधनी संख्या (भौतिक र अभौतिक ) | ५,८०८ | १८७ | १८७ | |
| ग्रहण गरेको कित्ता | १,२०,००,००० | ८३,१८,११६ | ८३,१८,११६ | ६९.३१ % |

६. <u>सभाको वैधानिकता र अध्यक्षता :</u>

६.१ कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशतभन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम यस संस्थाको एक्काइसौ वार्षिक

काठमाडौं २०५५ केन्द्रीय कार्यालय

साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरूको संख्या १८७ जना भएको र कुल शेयरको ६९.३१ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानुन अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता संचालक समितिका अध्यक्षले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै बिहान १०:३० बजे अध्यक्ष श्री शरद निधि तिवारीको अध्यक्षतामा यस संस्थाको वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवले अध्यक्षलाई अनुरोध गर्नु भयो ।

६.३ यस संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले उपस्थित सबै शेयरधनी तथा आमन्त्रित महानुभावहरूलाई स्वागत अभिवादन गर्नुभयो ।

६.४ अध्यक्षले सबै संचालकहरूको परिचय गराउनु भई सभाको कार्य अगाडी बढाउनुभयो ।

७. छलफलको विषय सूची:

क. सामान्य प्रस्ताव:

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७५/०७६ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अन्य अनुसूचीहरू) उपर छलफल गरी पारित गर्ने ।

(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको मिति २०७६ साल आषाढ मसान्तको चुक्ता पूंजी रकम रू. १,२०,००,००,०००।- (एक अरब बीस करोड) को १५.५३ (निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रकम रू. १८,६३,१५,७८९।- नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिश माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हालको बाह्य लेखापरीक्षक श्री आर पराजुली एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स बिराटनगर पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

(५) संस्थाको संचालक समितिका सदस्यहरूको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

काठमाडौं २०५५ केन्द्रीय कार्यालय

ख. विशेष प्रस्ताव:

(१) संचालक समितिबाट सिफारिश तथा नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृति भए बमोजिम आ.व. २०७५।०७६ को मुनाफाबाट हाल कायम संस्थाको चुक्ता पूँजीको २५ प्रतिशतले हुन आउने रकम रू. ३०,००,००,०००।- (अक्षरेपी तीस करोड) बराबरको बोनस शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरूले पाउने गरी जारी गर्ने ।

(२) संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(३) संस्थाको प्रवन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

(४) संस्थाको प्रवन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको ब्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग. विविध ।

८. सभाको संचालन:

सभाको संचालन संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले गर्नु भएको थियो ।

९. आसन ग्रहण:

सभामा उपस्थित संचालक समितिका अध्यक्ष, संचालकहरू, विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरी पाल्नु भएका अतिथीहरू, लेखापरीक्षक, संस्थापक र सर्वसाधारण शेयरधनीहरूलाई सभा संचालकले आसन ग्रहण गराउनु भयो ।

१०. स्वागत मन्तव्य:

संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरू, अतिथी, पत्रकार तथा कर्मचारीवर्गमा स्वागत गर्नु भइ सभाको शुरूवात गर्नुभयो ।

११. वार्षिक प्रतिवेदनको प्रस्तुति:

सभामा संचालकले संस्थाका संचालक समितिका अध्यक्ष श्री शरद निधि तिवारीज्यूलाई संचालक समितिको तर्फबाट आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्नु भयो र सोही अनुसार सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू तथा अतिथीज्यूहरूलाई स्वागत एवम् अभिवादन गर्दै पूर्व निर्धारित छलफलका विषय सूची अनुसार आ.ब. २०७५/०७६ को संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो र शेयरधनी महानुभावहरूको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि आह्वान गर्नुभयो ।

१२. <u>शुभकामना मन्तब्य:</u>

नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर तथा संस्थाका पूर्व अध्यक्ष श्री गणेश बहादुर थापाले नेपालको गरीवी निवारण कार्यमा जीवनभर अहोरात्र खट्ने डा. हरिहर देव पन्त नेपालको लघुवित्तको पिताको रुपमा नेपालमा मात्र नभई विश्वभर परिचित रहेको भन्दै २१ औं साधारण सभामा डा. हरिहर देव पन्तको स्मरण गर्नु भयो । डा. पन्तले लिएको मार्गमा संस्थाले कुशलतापूर्वक काम गर्दै आएकाले संस्थाले राम्रो प्रगति गरेको छ । वर्तमान अवस्थामा एउटै कार्यक्षेत्रमा धेरै लघुवित्तहरु कार्यरत रहेकाले केही बिकृतीहरु समेत देखिएको छ । डा. पन्तको असामयिक निधन पश्चात बैंकिङ्ग क्षेत्रमा सफल श्री जनार्दन देव पन्तले संस्था संचालनको जिम्मा लिएकाले संस्थाको भविष्य मजबुत र उज्जवल रहेको भन्दै साधारण सभामा उपस्थित सम्पूर्णलाई हार्दिक शुभकामना ब्यक्त गर्नु भयो ।

१३. <u>छलफलका लागि सहभागी शेयरधनी महानुभावहरू:</u>

छलफलका लागि प्रस्तुत विषयवस्तु उपर आफ्ना अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्न शेयरधनी महानुभावहरूले छलफलमा भाग लिनु भयो ।

१. श्री अमृत नाथ रेग्मी
२. श्री नरसिंह लाल चखुं
३. श्री ईन्द्र कृष्ण श्रेष्ठ
४. श्री शिव प्रसाद पौडेल
५. श्री दामोदर प्रसाद रेग्मी
६. श्री डम्मरू बल्लभ घिमिरे

१४. <u>छलफलमा सहभागी हुने शेयरधनीहरूले प्रकट गर्नु भएका बिचारहरू:</u>

छलफलको क्रममा शेयरधनी वक्ताहरूले ब्यक्त गर्नुभएको मन्तब्यलाई तल प्रस्तुत गरिएको छ ।

<u>श्री अमृत नाथ रेग्मी:</u>

- आज संस्थाको दिव्य २१ वर्ष पुगेकोमा सवैमा शुभकामना ब्यक्त गर्दछु ।
- अध्यक्षको मन्तब्य समेत वार्षिक प्रतिवेदनमा संलग्न गर्न सुझाव दिनु भयो ।
- बैंक तथा वित्तीय संस्थाको प्रतिवेदन सवैको एकै प्रकारको नभई तल्लो तहमा काम गर्ने हामी जस्तो संस्थाको प्रतिवेदन तल्लो तहकाले बुझ्ने खालको बनाउने ब्यवस्था गर्न नेपाल राष्ट्र बैंक समक्ष अनुरोध गर्दछु ।
- धेरै लघुवित्त संस्था एउटै क्षेत्रमा भई कर्जामा दोहोरोपनाको समस्या समाधान गर्न संस्थाले चालेका कदमहरू र भावी रणनीतिहरू प्रतिवेदनमा बिस्तृत रूपमा उल्लेख गर्न सुझाव दिन्छु ।
- संस्थाको विगत ५ बर्षको प्रगति विवरण राखेकोमा धन्यवाद ।
- साधारण जगेडा कोष जति बढी हुन्छ संस्था त्यति मजबुत हुने भएकाले FPO निष्काशन गरेर साधारण जगेडा वृद्धि गर्न सुझाव दिन चाहन्छु ।

काठमाडौं २०५५ केन्द्रीय कार्यालय

- संस्थाको अधिकृत पूँजी ५ अरब बनाउन सुझाव दिन चाहन्छु ।
- खराव कर्जा गतवर्ष भन्दा वृद्धि भएकाले असुलीमा ध्यान दिन सुझाव दिन चाहन्छु ।
- शाखाहरूको नाम अल्फावेट अनुसार राख्न सुझाव दिन चाहन्छु ।

श्री नरसिंह लाल चखुं:

- ब्यालेन्स सीट अध्ययन गर्दा संस्था मजवुत रहेको छ ।
- शेयरधनीलाई राम्रो प्रतिफल दिएकोमा धन्यवाद ।
- NPL १ प्रतिशत भन्दा तल हुने गरी काम कारवाही संचालन गर्न सुझाव दिन चाहन्छु ।
- राष्ट्र बैंकले देखाएका कैफियत तथा निर्देशनहरू पालना गर्न सुझाव दिन चाहन्छु ।
- सम्पत्तिको गुणस्तर र शाखाको काम कारवाहीको प्रभावकारीता बढाउन सुझाव दिन चाहन्छु ।

श्री ईन्द्र कृष्ण श्रेष्ठ:

- शेयरधनीको ठेगानामा वार्षिक प्रतिवेदन समयमानै पुऱ्याउन सुझाव दिन चाहन्छु ।
- शेयरधनीहरूको नगद लाभांश शेयरधनीहरूलाई बोलाएर भुक्तानी दिन सुझाव दिन चाहन्छु ।
- वार्षिक प्रतिवेदनमा साधारण सभाका फोटोहरू थप राख्न सुझाव दिन चाहन्छु ।

श्री शिव प्रसाद पौडेल:

- डा. हरिहर देव पन्त हामी विच नभए पनि स्मरण गर्दै उहाँको गरीबी निवारणमा योगदानलाई धन्यवाद दिन चाहन्छु।
- शेयरधनीहरूलाई राम्रो लाभांश प्रदान गरेकोमा संचालक समिति तथा ब्यवस्थापनलाई धन्यवाद ।
- वार्षिक प्रतिवेदन अलि चाडै घर ठेगानामा पठाउन सुझाव दिन्छु ।
- नेपाल राष्ट्र बैंकले दिएका सुझावहरू आगामी दिनमा नदोहोरिने गरी कार्यान्वयन गर्न सुझाव दिन चाहन्छु ।
- साधारण सभा छिटो गर्न सुझाव दिन चाहन्छु ।
- वार्षिक प्रतिवेदनमा सभाका वक्ताहरूको फोटो राख्न सुझाव दिन चाहन्छु ।

श्री दामोदर प्रसाद रेग्मी:

- संस्था नाफामा गएर लाभांश दिए मात्र छरिएर रहेको पूँजी एकिकृत हुने भएकाले संस्था नाफामा जान आवश्यक रहेको ।
- अन्य निकायले लघुवित्त चलाउन नचाहेको, नसकेको अवस्थामा डा. हरिहर देव पन्तले नेपालमा लघुवित्त सुरूवात गरी गरिबी निवारण गर्नु भएको ।
- संस्था नियमसंगत चलाउने हो भने सवै स्टेक होल्डरलाई फाईदा पुग्ने निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाले पुष्टि गरेको छ ।
- पहिलेको भन्दा खराब कर्जा वृद्धि हुनु खतराको सूचक भएकोले ध्यानाकर्षण गराउन चाहन्छु । NPL १ प्रतिशतमा ल्याउने गरी ब्यवस्था कार्यान्वयन गर्न ।

काठमाडौं २०५५ कार्यालय

श्री डमरू वल्लभ घिमिरे:

- लघुवित्तका भिष्म पितामह डा. हरिहर देव पन्तले खोलेको संस्थाले सबै जिल्लामा शाखा खोली सेवा विस्तार गरेकोमा सन्तुष्ट र गौरवान्वित बनाएको छ ।
- व्यवस्थापनले सुक्ष्म रूपमा काम गरेकोमा धन्यवाद दिन चाहन्छु ।
- निवर्तमान अध्यक्ष गणेश बहादुर थापाले जस्तै वर्तमान अध्यक्षबाट पनि संस्था संचालन हुने अपेक्षा गरेको छु ।
- पूर्व अध्यक्षज्यूलाई साधारण सभामा दोसल्ला ओढाई सम्मान गर्ने व्यवस्था गरेको भए राम्रो हुने थियो ।
- साधारण सभाका वक्ताहरूको सुझाव कार्यान्वयन गर्न सुझाव दिन चाहन्छु ।
- संस्थाले राम्रो प्रतिफल दिएकोमा धन्यवाद दिन चाहन्छु ।

१५. सभामा शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफ:

अध्यक्षज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्तले शेयरधनी महानुभावहरूको राय, सल्लाह, सुझाव र जिज्ञासा प्रति धन्यबाद दिँदै उठेका जिज्ञासाहरू प्रष्ट पार्नु भएको थियो । साथै शेयरधनी महानुभावहरूको राय, सल्लाह र सुझावमा आत्मसात गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

१६. सभाको निर्णय:

(क) सामान्य प्रस्ताव सम्बन्धि निर्णय:

प्रस्ताव नं. १. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

निर्णय: सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले अनुमोदनका लागि प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७५/०७६ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अन्य अनुसूचीहरू) उपर छलफल गरी पारित गर्ने ।

निर्णय: लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७५/०७६ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अन्य अनुसूचीहरू) उपर

छलफल गरी पारित गरियोस भनी सभा समक्ष राखिएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं.३.** संचालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको मिति २०७६ साल आषाढ मसान्तको चुक्ता पूंजी रकम रू. १,२०,००,००,०००।- (एक अरब बीस करोड) को १५.५३ ( निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रकम रू. १८,६३,१५,७८९।- नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिश माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने ।

**निर्णय:** संचालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको मिति २०७६ साल आषाढ मसान्तको चुक्ता पूंजी रकम रू. १,२०,००,००,०००। - (एक अरब बीस करोड) को १५.५३ ( निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रकम रु. १८,६३,१५,७८९।- नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिस माथि छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**प्रस्ताब नं.४.** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हालको बाह्य लेखापरीक्षक श्री आर पराजुली एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स बिराटनगर पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

**निर्णय:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने गरेको सिफारिस माथि छलफल गरियोस् भनि राखेको प्रस्तावमा संस्थाको चालु आर्थिक वर्ष २०७६/७७ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री आर पराजुली एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, विराटनगरले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानून बमोजिम लेखापरीक्षण गर्न योग्य भएकोले श्री आर पराजुली एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, विराटनगरलाई बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट, दफा ७८ प्रमाणित गर्न तथा अंग्रेजी अनुबाद समेत गर्न पारिश्रमिक भ्याट सहित रु. ५,००,०००। (अक्षरेपी रु. पांच लाख मात्र) कायम गर्ने गरी लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण समितिको सिफारिस गरे बमोजिमको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

काठमाडौं २०५५ केन्द्रीय कार्यालय

**प्रस्ताब नं. ५** संस्थाको संचालक समितिका सदस्यहरूको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

**निर्णय:** संस्थाको संचालक समितिका सदस्य हिमालयन बैंकबाट मनोनित भई यस संचालक समितिमा नियुक्त हुनु भएका संचालक श्री सुशील जोशीलाई सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले अनुमोदनका लागि प्रस्तुत गर्नु भएका प्रस्ताव सभाले सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

(ख) <u>विशेष प्रस्ताव सम्बन्धी निर्णय:</u>

**प्रस्ताव नं.१:** संचालक समितिबाट सिफारिस तथा नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृति भए बमोजिम आ.व. २०७५।०७६ को मुनाफाबाट हाल कायम संस्थाको चुक्ता पूँजीको २५ प्रतिशतले हुन आउने रकम रू. ३०,००,००,०००।- (अक्षरेपी तीस करोड) बराबरको बोनस शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरूले पाउने गरी जारी गर्ने ।

**निर्णय:** संचालक समितिबाट सिफारिस तथा नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृति भए बमोजिम आ.व. २०७५/०७६ को मुनाफाबाट हाल कायम संस्थाको चुक्ता पूँजीको २५ प्रतिशतले हुन आउने रकम रू. ३०,००,००,०००। –अक्षरेपी तीस करोड) बराबरको बोनस शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरूले पाउने गरी जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं.२:** संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

**निर्णय:** संचालक समितिले सिफारिस गरे बमोजिम संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने, प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं.३:** संस्थाको प्रवन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

**निर्णय:** साधारण सभामा प्रस्तुत भए अनुसारको तपसिलका तिन महलेमा उल्लेख भए बमोजिम प्रबन्धपत्रको दफा ५ को (ख) र (ग) मा संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

काठमाडौं २०५५

## प्रबन्धपत्र संशोधन प्रस्ताव

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ५. कम्पनीको पूँजीको संरचना:**<br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(ख) कम्पनीको तत्काल जारी पूँजी रू. १,२०,००,००,०००/- (अक्षरेपी एक अरब बीस करोड रूपैया मात्र) हुनेछ ।<br>(ग) कम्पनीको हालको चुक्ता पूँजी रू. १,२०,००,००,०००/- ( (अक्षरेपी एक अरब बीस करोड रूपैया मात्र) रहेको छ । | **दफा ५. कम्पनीको पूँजीको संरचना:**<br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(ख) कम्पनीको तत्काल जारी पूँजी रू. १,५०,००,००,०००/- (अक्षरेपी एक अरब पचास करोड रूपैया मात्र) हुनेछ ।<br>(ग) कम्पनीको हालको चुक्ता पूँजी रू. १,५०,००,००,०००/- (अक्षरेपी एक अरब पचास करोड रूपैया मात्र) रहेको छ । | संस्थाले बोनस शेयर जारी गरे पश्चात पूँजी वृद्धि भएकोले संशोधन गरिएको । |

**प्रस्तावनं. ४:** संस्थाको प्रवन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**निर्णय:** संस्थाको प्रबन्धपत्र संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बिशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट निर्णय गऱ्यो ।

**(ग) विविध:**

**निर्णय:** १. वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५(१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने व्यहोरा सभालाई जानकारी गराइयो ।

१७. <u>धन्यबाद तथा सभा विसर्जनः</u>

अन्त्यमा, एक्काइसौं वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि पुऱ्याउनु भएको सहयोग, सद्भाव र शेयरधनी महानुभावज्यूहरूको अमुल्य राय, सल्लाह, सुझाव तथा उपस्थितीको लागि हार्दिक धन्यबाद दिदैं सभापतिज्यूले दिउँसो १:०० बजे साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

(राम बहादुर चौधरी)
कम्पनी सचिव

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

(शरद निधि तिवारी)
अध्यक्ष